दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - ६ संख्या - १६ मितिः २०७९।०६।१८

**भाग - २**

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७९।०६।१२ |

# दुहुँ गाउँपालिकामा एक वडा एक उपभोक्ता पसल संचालन गर्न जारी गरिएको कार्यबिधि २०७९

दुहुँ गाउँपालिकाका स्थानीय किसान, उद्यमीहरुको उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउन र उपभोक्ताहरुको समेत हितलाई मध्येनजर गर्दै, आ.ब. २०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गरी जनताहरुलाई सहज एवं सुपथ मूल्यमा

दैनिक उपभोग्य वस्तुहरु उपलव्ध गराउने, स्थानीय किसान तथा उद्यमी/ब्यवसायीहरुले उत्पादन गरेका स्थानीय उत्पादनको बजारीकरणमा टेवा पुर्‍याउन कृषि उत्पादनमा किसान तथा स्थानीय उद्यमीलाई प्रोत्साहन उपलब्ध गराउने समेतको प्रयोजनका लागि दुहुँ गाँउकार्यपालिकाले यो कार्यबिधि जारी गरी लागू गरेको छ।

१. **नाम र प्रारम्भ** :(क) यस कार्यबिधिको नाम '' दुहुँ गाउँपालिकामा एक वडा एक उपभोक्ता पसल संचालन गर्न जारी गरिएको कार्यबिधि, २०७९ रहेको छ।

(ख) यो कार्यबिधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा:

क) ''एक वडा एक उपभोक्ता पसल'' भन्नाले दुहँ गाँउपालिका द्वारा दैनिक उपभोग्य वस्तुहरुसाथै स्थानीय किसान तथा उद्यमीहरुबाट उत्पादित बस्तु तथा समाग्रीहरु खरीद गर्ने, नाफारहित बिक्री गर्ने, स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याई बजारीकरणमा टेवा पुर्‍याउन सहज हुने गरी पाँच वटै वडाहरुमा स्थापना गरिएका विक्री केन्द्रहरुलाई बुझ्नु पर्दछ।

ख) ''स्थानीय उत्पादन'' भन्नाले दुहुँ गाउँपालिका भित्रका किसान एवं उद्यमीहरुले उत्पादन गरेका कृषि उपजहरु, बस्तुबाली/ तथा सेवा समेतलाई बुझ्नु पर्दछ।

ग) ''उपभोक्ता'' भन्नाले दुहुँगाँउपालिका भित्र वसोवास गर्ने बस्तु तथा सामान उपभोग गर्ने सवै जनतालाई बुझ्नु पर्दछ। सो शब्दले दुहुँ गाउँपालिकामा उत्पादित कृषि तथा पशुजन्य उभोग्य बस्तु वा सामनहरु उपभोग गर्ने पालिका बाहिरका नागरिकहरुसमेत जनाउने छ।

घ) ''गाँउपालिका'' भन्नाले दुहुँ गाँउपालिकालाई बुझ्नु पर्दछ।

ङ) ''वडा समिति'' भन्नाले वडा अध्यक्षको नेतृत्वमा रहेको वडा सदस्य सहितको समिति बुझ्नु पर्दछ।

च) ''स्थानीय किसान'' भन्नाले दुहुँ गाउँपालिकामा कृषि तथा पशुपालन पेशा गरी सोही पेशाबाट आजीकिका गर्ने वा सोही पेशा गरी कृषि तथा पशुजन्य उत्पादन, बिक्री गरी आय आर्जन गर्ने ब्यक्तिलाई बुझ्नुपर्छ।

छ) ''उद्यमी'' भन्नाले दुहुँ गाउँपालिकामा उद्यमब्यवसाय गरी बस्तु तथा सेवा उत्पादन गर्/ने ब्यक्तिलाई बुझ्नुपर्छ।

ज) ''स्थानीय कृषि उपज'' भन्नाले दुहुँ गाउँपालिकाका किसानहरु तथा कृषि उद्यमीहरुले उत्पादन गरेका उपभोग्य सामाग्री अन्न, सागपात र फलफूल बुझ्नुपर्छ।

**३. गाउँपालिकाले प्रस्ताव आह्वान गर्ने:** क( गाँउपालिकाले एक वडा एक उपभोक्ता पसल सञ्चालन गर्न दुहुँ गाउँपालिका अन्तरगतका ब्यक्ति, संस्था वा सहकारी संस्थाहरुलाई आशय पत्र पेश गर्न गाउँपालिकाको सुचना पाटी स्थानीय सञ्चार माध्यमबाट प्रश्ताव आह्वान गर्नेछ।

ख) उभोक्ता पसल सञ्चालन गर्न चाहाने ब्यक्ति, संस्था वा सहकारीले पसल सञ्चालनको समय, उपलब्ध गराउन

सक्ने सेवा, स्थानीय उत्पादनहरुको विवरण, अन्य उपभोग्य सामानहरुको विवरण, सामान खरीद तथा बिक्री मूल्यसुची, पसल सञ्चालन लागत रकम र लाभान्वित हुने उपभोक्ता विबरण समेतको अनुसुची-१ बमोजिमको प्रशताव पेश गर्नुपर्ने छ।

४. **पूर्वाधार निर्धारण र सम्भाव्यताको पहिचान** :एक वडा एक उपभोक्ता पसल सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्धारण र पसल सञ्चालन गर्नहुन सक्ने सम्भाव्यता पहिचान गरी ब्यक्ति/, संस्था वा सहकारीलाई कार्यक्रम सञ्चालनका लागि जिम्मेवारी दिन गाउँपालिकामा नियम ५ बमोजिमको समिति रहने छ। उक्त समितिले पसल सञ्चालक छनौट, मूल्य निर्धारण तथा सञ्चालन मापदण्डका आधारमा अनुगमन मूल्यांकन समेत गर्नेछ।

५. **छनौट तथा मुल्याङ्कन समितिः** क) एक वडा एक उपभोक्ता पसलका लागि सञ्चालक छनौट तथा अनुगमन मूल्याङ्कन समेत गर्न गाउँपालिका स्तरीय एक छनौट तथा मूल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| संयोजक | - गाँउपालिका अध्यक्ष |
| सदस्य | - गाँउपालिका उपाध्यक्ष |
| सदस्य | - गाउँपालिका अध्यक्षले तोकेका दुई जना वडाध्यक्ष |
| सदस्य | - प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - आर्थिक समिति संयोजक |
| सदस्य-सचीव | - प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी |

ख) छनौट तथा मुल्याङ्कन समितिले अनुसुची-२ को स्थलगत प्रमाणिकरण प्रतिबेदन समेत समितिको राय सुझाव बमोजिम पसल सञ्चालक ब्यक्ति, संस्था वा सहकारी छनौट, क्रय मूल्य र ढुवानी भाडाको हिसाब गरी नाफा रहित दरमा मूल्य निर्धारण गरि सम्बन्धित वडा कार्यालयलाई जानकारी गर्नेछ।

ग) दफा ५ (ख) मा जुनसुकै कुरा लेखेको भएतापनि गाँउकार्यपालिकाले कुनै वस्तु वा सबै वस्तुको उत्पादन वा भाडा अनुदान दिने गरी निर्णय गरेमा सोहि बमोजिम मूल्य निर्धारण समितिले मूल्य निर्धारण गर्नु पर्नेछ।

घ) छनौट समितिले छनौट गरेका पसल सञ्चालक ब्यक्ति, संस्था वा सहकारीसँग कार्यबिधिमा रहेका प्रावधानहरु समेटी सम्झौतापत्र तयार गरी दुहुँ गाउँ कार्यपालिकाले सम्झौता गरी कार्यान्वयन गरिने छ।

६. **पसल सञ्चालन लागि रकम उपलब्ध गराउनेः** गाउँपालिकाले छनौट तथा मूल्याङ्कन समितिको सिफारिसमा छनौटमा परेका ब्यक्तिप्रतिशित र अन्तिम ५० सहकारीलाई पसल सञ्चालनका लागि प्रश्तावित रकमको आधारमा पहिलो किस्ता/संस्था/ प्रतिशत गरी रकम उपलब्ध गराउने छ। पसल सञ्चालकको पहिलो किस्ताको प्रगती सन्तोषजन ५० किस्ताक नदेखिएमा वा उपभोक्ता पसलको प्रभावकारी सञ्चालन हुन नसक्ने देखिएमा पहिलो किस्ता बापतको रकम फिर्ता दाखिला गर्न लगाईने र अन्तिम किस्ता उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन।

७. **अनुदान दिईनेः** क) गाउँपालिकाले उपलब्ध गराउने रकम किसानको स्थानीय कृषी उपजमा आठ प्रतिशत रकम मूल्य

अनुदानको रकमको रुपमा उलब्ध गराईने छ ।

ख) पसल सञ्चालकले किसानबाट खरीदबिक्री रकमको /बिक्री गरेको कृषि उपजको परिणाम र खरीद/ अनुसार वडा कार्यालयबाट प्रमाणित गराई गाउँपालिका पेश गर्नुपर्ने छ । २-हिसाब मासिक रुपमा अनुसुची

ग) स्थानीय तहले स्थानीय कृषि उपजहरुको मूल्य निर्धारण गर्ने छ । उपभोक्ता पसलले स्थानीय उत्पादन खरीद गरिसकेपछि मात्रै खरीद मूल्यको आठ प्रतिशत अनुदान प्राप्त गर्ने छ ।

घ) दफा ७ को (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले पसल सञ्चालकलाई स्थानीय उत्पादन खरीद अगावै पसल अनुदान उपलब्ध गराउन मनासिब ठानेमा स्वीकृत अनुदानको ५० प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराईने छ । यसरी उपलब्ध गराईएको रकम पसल सञ्चालकले मासिक पेश गरेको स्थानीय कृषि उपजको मासिक खरीद तथा बिक्रीको बिबरण बमोजिम स्वीकृत प्रतिशत अनुदानको रुपमा परिणत गर्दै लगिने छ ।

ङ) पसल सञ्चालकले अनुसुचीबमोजिमको विवरण भरी स्थानीय तहमा पेश गर्ने छ यो विवरणमाथि ४- जाँचबुँझ गरेपश्चात मात्रै गाउँपालिकाले अनुदान उपलब्ध गराउने वा पेश्की रकमलाई अनुदानमा रुपान्तरण गरी फर्स्यौट गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा पेश गरिएको विवरण झुट ा रहेको भेटिएमा गाउँपालिका अनुदान रोक्का गर्ने वा अनुदान फिर्ता गर्न लगाउने छ ।

**८.** क( उपभोक्ता पसलको अनुगमन समिति रहनेछ ।

संयोजक - वडा अध्यक्ष

सदस्य - वडा सदस्यहरु मध्ये वडा अध्यक्षले तोकेको एक जना महिला वडा सदस्य सहित दुई जना ।

सदस्य सचीव - वडा सचिव

ख) व्यवस्थापन समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

१. स्थानीय उत्पादन खरीद/विक्री तथा भण्डारणको निरीक्षण गर्ने ।

२. पसल सञ्चालकले पेश गरेको स्थानीय उत्पादन खरीद विवरण प्रमाणित गर्ने ।

३. अन्य आवश्यक काम गर्ने ।

ग) पसल सञ्चालक संस्था/ब्यक्ति/सहकारीको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

१. स्थानीय कृषक तथा ब्यवसायीबाट उत्पादित बस्तु/बाली/उत्पादन खरीद गरी बजारीकरण गर्नुपर्ने ।

२. स्थानीय कृषक तथा ब्यवसायीबाट उत्पादित बस्तु/बाली/उत्पादन खरीद गरेको विबरण गाउँपालिकामा मासिक पेश गर्ने ।

२. सम्झौता अनुसारका कार्य गर्ने ।

४. स्थानीय उत्पादन बृद्धि गर्न किसानलाई प्रेरित गर्ने ।

५. स्थानी उत्पादनलाई बाह्य बजारमा पुऱ्याउन प्रयत्नसिल रहने ।

**९.असुलउपर गरिनेः** पसल सञ्चालकलाई उपलब्ध गराईएको एक वडा एक उपभोक्ता पसल सञ्चालनका लागि उपलब्ध गराईएको रकम पसल सञ्चालकले स्थानीय उत्पादनको जम्मा खरीद मूल्यको आठ प्रतिसत भन्दा बढी रहेमा बढी हुन जाने रकम सञ्चालकले आफै गाउँपालिकामा फिर्ता गर्नु पर्नेछ । यसो नगरेमा सो रकम सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

**१०. संशोधन गर्न सकिनेः** एक वडा एक उपभोक्ता पसल सञ्चालन कार्यबिधि, २०७९ आवश्यकता अनुसार संशोधन गर्न

सकिने छ ।

**११. यसै कार्यबिधि अनुसार भएको मानिनेः**

अनुसुची-१

(नियम ३ को (ख) सँग सम्बन्धित)

एक वडा एक उपभोक्ता पसलका लागि प्रस्तावको ढाँचा

१. सञ्चालकको विवरणः

| | | |
|---|---|---|
| सञ्चालकको नामः | | |
| ठेगानाः | | |
| सञ्चालकको स्थायी लेखा नं/ दर्ता नं. | | |
| सम्पर्क ब्यक्तिको नामः | | |
| सम्पर्क ब्यक्तिको मोबाइल नं. | | |

| | | |
|---|---|---|
| पसलबाट लाभ लिनेको अनुमानित जनसंख्याः | | |
| सडकको पहुँच भएको/नभएको | | |

२. स्थानीय कृषि उपजहरुको विवरणः (पसल सञ्चालनहुने वडाको विबरण)

| क्र.सं. | स्थानीय कृषी उपजहरुको विवरण | अनुमानित उत्पादन परिणाम(बार्षिक) | खरीद/बिक्री हुने अनुमानित परिमाण(बार्षिक) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

३. स्थानीय गैर कृषि उत्पादन विवरणः(स्थानीय उद्यमीहरुले उत्पादन गर्ने गैर कृषि उत्पादनःराडीपाखी, ऊनी कपडा, होजियारी, निङ्गालोबाट बनेका सामान आदि सबै उल्लेख गर्ने)

| क्र.सं. | स्थानीय गैर कृषि उत्पादनको विवरण | अनुमानित उत्पादन परिणाम | खरीद/बिक्री हुने अनुमानित परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

४. मासिक क्रियाकलापहरु

| क्र.सं. | गरिने क्रियाकलाप | शुरु गर्ने मिति | सम्पन्न हुने मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. आवश्यक पूर्वाधार

| क्र.सं. | आवश्यक पूर्वाधार | पूर्वाधारको अवस्था | | |
|---|---|---|---|---|
| | | प्रयाप्त | ठिकै | अप्रयाप्त |
| | | | | |
| | | | | |
| | | | | |

## ६. मासिक सम्भावित कारोबार

| क्र.सं. | सामान/बस्तुको विवरण | मासिक खरीद | मासिक बिक्री | | नाफा | | | खुद नाफा |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | प्रति एकाई खरीद मूल्य | जम्मा रकम | परिमाण | प्रति एकाई बिक्री मूल्य | जम्मा रकम | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | कुल जम्मा | | | | | | | |

७. अनुदान रकम उद्यमी कृषकलाई उपलब्ध गराउने/योजना

| क्र.सं. | आ.ब. | पहिलो चौमासिक भित्र | दोस्रो चौमासिक भित्र | तेस्रो चौमासिक भित्र | जम्मा उद्यमी/कृषकलाई उपलब्ध गराउने रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

आबेदनसँग पेश गर्नुपर्ने कागजातहरु

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपि

२. संस्थासहकारीको हकमा दर्ता प्रमाणपत्रहरु/

३. वडा कार्यालयको सिफारिस

४. रकम फिर्ता गर्ने प्रतिबद्धता पत्र

५. लालपूर्जाको प्रतिलिपि

## अनुसूची -२

## (नियम ५ को (ख) सँग सम्बन्धित)

### स्थलगत प्रमाणिकरण फाराम

| क्र.सं. | प्रस्तावतकको विवरण | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| १ | एक वडा एक उपभोक्ता पसल सञ्चानका लागि पूर्वाधार | ३० | |
| १.१ | पसल सञ्चालनका लागि उपयुक्त स्थानमा भवन छ/छैन | १० | |
| १.२ | कार्यस्थलसम्म सडकको पहुँच छ/छैन | १० | |

| | | | |
|---|---|---|---|
| १.३ | अन्य उल्लेख गर्ने | ५ | |
| १.४ | अन्य उल्लेख गर्ने | ५ | |
| २ | अनुभव तथा पूर्व योग्यता | ३५ | |
| १.१ | पसल सञ्चालनको अनुभव छ/छैन | १० | |
| १.२ | पसल सञ्चालनका जनशक्ति छ/छैन | १० | |
| १.३ | यसै किसिमका अन्य अनुदान/सहयोग लिई काम गरेको/नगरेको | १० | |
| १.४ | ब्यवसाय सम्बन्धी तालिम लिएको/नलिएको | ५ | |
| ३ | बस्तु तथा सेवाको उत्पादन तथा बिक्री | ३५ | |
| ३.१ | बस्तु तथा सेवा प्रयाप्त सम्भाव्यता छ/छैन | १० | |
| ३.२ | बजार तथा बजारीकरणको अवस्था उपयुक्त छ/छैन | १० | |
| ३.३ | सेवाग्राहीको पहुँच छ/छैन | १० | |
| ३.४ | रोजगारी सिर्जना | ५ | |
| | कुल जम्मा | | |

**प्रमाणिकरण कर्ताको हस्ताक्षर**
**नामः**
**पदः**
**मितिः**

**आबेदकको हस्ताक्षर**
**नामः**
**पदः**
**मितिः**

## अनुसूची-३
### (नियम ७ को (ख) सँग सम्बन्धित)

स्थानीय कृषि उपज मासिक खरीद/बिक्रीः

| क्र.सं. | सामान/बस्तुको विवरण | मासिक खरीद | मासिक बिक्री | | नाफा | | | खुद नाफा |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | प्रति एकाई खरीद मूल्य | जम्मा रकम | परिमाण | प्रति एकाई बिक्री मूल्य | जम्मा रकम | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | कुल जम्मा | | | | | | | |

प्रमाणित गर्ने

**अनुसूची -४**

**(नियम ७ को (घ) सँग सम्धित)**

**पसल सञ्चालकः** **मिति:**

| क्र.स. | उत्पादकको नाम | खरीद गरिएको वस्तु | दर रु | परिमाण | जम्मा रु | बस्तु/सामान बिक्रेताको हस्ताक्षर | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

पेश गर्ने

आज्ञाले,

भूपेन्द्रसिंह बडाल

प्रमुख प्रशासकीय अधिकृत